# राप्ती सोनारी राजपत्र

## राप्ती सोनारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६ संख्या १ मिति २०७९/११/०५

## भाग १

राप्ती सोनारी गाउँपालिकाले बनाएको तल लेखिएको बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

राप्ती सोनारी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९

**राप्ती सोनारी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९**

**सभाबाट स्वीकृत मितिः२०७९/१०/२८**

**प्रमाणीकरण मितिः २०७९/११/१**

**स्थानीय राजपत्रमा प्रकाशित मितिः २०८०/०१/५**

**२०७९ सालको ऐन नं. ....**

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम राप्ती सोनारी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम "राप्ती सोनारी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन राप्ती सोनारी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. परिभाषाः (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले राप्ती सोनारी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले राप्ती सोनारी गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले राप्ती सोनारीगाउँपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम बनाउने अधिकारः (१)** नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त राप्ती सोनारी गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

**४. नीति, कार्यविधि, निर्देशिका, दिग्दर्शनर मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही राप्ती सोनारी गाउँ कार्यपालिकाले आवश्यकता अनुसारनीति, कार्यविधि, निर्देशिका, दिग्दर्शनर मापदण्ड वनाई लागू गर्न सक्नेछ।

आज्ञाले,
गौरब कुमार लामिछाने
नि.प्रमुख प्रशासकीय अधिकृत